"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/०८४
चलानी नं. :-

मिति :- २०८३-०६-२३
ने.स. ११४६ ञलागा १४ शुक्रबार

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

**सुचना नं : ४५**

**माटाका भाँडाकुँडा तथा कलात्मक सामग्री बनाउने तालिम सम्बन्धी सूचना।**

देश तथा समाजको आर्थिक परिस्थितिमा सुधार ल्याउन नागरिकहरूलाई सीपमूलक बनाई आर्थिक रूपमा आत्मनिर्भर बनाउनु अपरिहार्य रहेको छ। हाम्रा परम्परागत सीप, कला र संस्कृतिलाई आधुनिक व्यावसायिकतासँग जोडी व्यक्तिको जीवनस्तर उकास्ने तथा स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने उद्देश्यका साथ यस गाउँपालिकाको स्वरोजगार कार्यक्रमअन्तर्गत स्थानीय बासिन्दाहरूका लागि **व्यवहारिक तथा प्रयोगात्मक माटाका भाँडाकुँडा एवम् कलात्मक सामग्री बनाउने तालिम** सञ्चालन गर्न लागिएको छ।

तसर्थ, यस तालिममार्फत आफ्नो सीप विकास गरी आत्मनिर्भर र व्यावसायिक बन्न चाहनुहुने इच्छुक तथा योग्य नागरिकहरूले २०८३/०७/०९ गते भित्र देहाय बमोजिमका कागजातसहित आवेदन दिनुहुन यो सूचना आह्वान गरिएको छ।

**<u>आवश्यक पर्ने कागजातहरू</u>**

- नेपाली नागरिकता वा उमेर खुल्ने प्रमाणपत्रको प्रतिलिपि - १ प्रति
- तोकिएको ढाँचाको निवेदन

**तालिम सम्बन्धी संक्षिप्त विवरण**

- **तालिमको नाम:** व्यवहारिक तथा प्रयोगात्मक माटाका भाँडाकुँडा एवम् कलात्मक सामग्री बनाउने तालिम।
- **लक्षित समूह:** विहादी गाउँपालिकाका १६ देखि ५५ वर्षसम्मका स्थायी बासिन्दा
- **आवेदन दिने अन्तिम मिति:** २०८३/०७/०९ गते (कार्यालय समय भित्र)
- **आवेदन बुझाउने स्थान:** विहादी गाउँपालिकाको कार्यालय (नवपर्वतन, रोजगार, सीप तथा उद्यमशिलता केन्द्र वा सम्बन्धित वडा कार्यालय)

**पुनश्च:** सूचना सम्बन्धी विस्तृत जानकारीका लागि गाउँपालिकाको कार्यालय तथा **९८६७९४६०३१** / **९८६४२४८८५०** मा सम्पर्क गर्नुहुन अनुरोध छ।

धवल बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत